आज मिति २०७९ साल असोज २७ गते दिनको १ बजे यस भेरीगंगा नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्यूको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको सभा कक्षमा तपसिल बमोजिमको उपस्थितीमा बसी तपसिल अनुसारका निर्णयहरु पारित गरियो ।

तपसिल :

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उपप्रमुख
श्री दिनेश पुलामी मगर, वडा अध्यक्ष वडा नं. १
श्री चिरन्जिवि बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री गंगाबहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेमबहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री लालसिं बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८
श्री प्रेमबहादुर आग्री, वडा अध्यक्ष वडा नं. ९
श्री विरबहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. १०
श्री जयबहादुर नेपाली, वडा अध्यक्ष वडा नं. ११
श्री रामबहादुर डाँगी, वडा अध्यक्ष वडा नं. १२
श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३
श्री शेरबहादुर कामी, कार्यपालिका सदस्य
श्री सहविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
श्री गौमाया खत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
श्री मानसिं परियार, कार्यपालिका सदस्य
श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य
श्री कृष्णप्रसाद पोखेल, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु :

श्री मानबहादुर ठाडा, लेखाअधिकृत
श्री कुलबहादुर खड्का, अधिकृत छैटौं
श्री विजयकुमार खत्री, ईन्जिनियर
श्री कृष्ण बहादुर शाही, सहयोगी

निर्णय प्रमाणित

**प्रस्ताव नं. १ : बाढीपहिरो पिडितको लगत संकलन तथा सिफारिस गर्ने सम्बन्धमा ।**

निर्णय नं. १ : यस भेरीगंगा नगरपालिकामा मिति २०७९।६।१८ गतेदेखि करिब एक हप्तासम्म आएको अविरल बर्षातपछिको बाढिपहिरोको कारण भएको क्षतिहरुको विवरण ७ दिनभित्र वडाभित्र भएको तपसिल बमोजिमको क्षतिको विस्तृत विवरण संकलन गरी नगरपालिका कार्यालयमा पेश गर्न वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो साथै वडा कार्यालयबाट विवरण प्राप्त भएपश्चात उक्त विवरणलाई राहत प्रदान गर्नका लागि सिफारिसका साथ जिल्ला प्रशासन कार्यालय सुर्खेत तथा संघीय र प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो । साथै नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका सडकहरु अवरुद्ध भएकोले सम्बन्धित वडाका प्राविधिकहरुले स्टीमेट गरी सडक सफाई गरी सडक सुचारु गराउन आवश्यक पहल गर्ने निर्णय गरियो र नगर स्तरबाट समेत अनुगमन गरी विस्थापितहरुको सन्दर्भमा नगरपालिकाबाट आवश्यक पर्ने खाद्यान्न, त्रिपाल, औषधि लगायतका राहात सहयोगहरु तत्काल उपलब्ध गराउने निर्णय सर्बसम्मतीले पारित गरियो ।

तपसिल

१. घरको पूर्ण क्षति, आंशिक क्षतिको विवरण

२. पशुधन नष्ट भएको विवरण

३. बालिनाली नष्टको विवरण

४. सार्वजनिक तथा निजी भौतिक पूर्वाधारमा भएको क्षतिको विवरण

५. खेतीयोग्य जमिनमा भएको क्षतिको विवरण

६. सम्भावित जोखिमको अवस्थाको विवरण

**प्रस्ताव नं. २ : प्रशासनिक भवनको लागत स्टीमेट स्वीकृत सम्बन्धमा ।**

निर्णय नं. २ : यस भेरीगंगा नगरपालिका कार्यालयको प्रशासनिक भवन निर्माणका लागि प्रदेश सरकार तथा यस नगरपालिकाबाट विनियोजन भएको रकमबाट प्रशासनिक भवन निर्माणका लागि हालको स्वास्थ्य शाखा रहेको भवनको पूर्व, नगरपालिकाको हालको भवनको पश्चिम, नगर भवन देखि भेरीगंगा एफएम जाने सडकबाट उत्तरतर्फ रहेको खोल्सासम्मको यती चारकिल्लाभित्र प्रशासनिक भवन निर्माण गर्नका लागि रु. १० करोड ८५ लाख ( भ्याटसहित) को रकमको लागत स्टीमेट र डिपीआर स्वीकृत गर्ने निर्णय गरियो र नगरको बहुबर्षिय गौरबको योजनाको रुपमा ठेक्का प्रक्रिया अघि बढाउने निर्णय गरियो । साथै नगरपालिकाको प्रशासनिक भवन निर्माण गर्नका लागि आवश्यक आर्थीक सहयोग गरिदिनका लागि प्रदेश सरकार तथा संघीय सरकारलाई अनुरोध गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. ३ : फाजिल कर्मचारी सम्बन्धमा ।**

निर्णय नं. १६ : यस भेरीगंगा नगरपालिकामा कार्यरत फाजिलमा रहेका स्वास्थ्य सेवाका १० जना कर्मचारीहरुको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट रकम निकासा नभएका कारण असार मसान्तपछि तलबभत्ता भुक्तानी गर्न नसकिएको । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (कर्मचारी प्रशासन शाखा) को प.सं. २०७९।०८०, च.नं. ७/२७३ मिति २०७९।०४।३० गतेको प्राप्त पत्रको सि.नं. २ मा कर्मचारी समायोजन मिलान भई आउन सहमति उपलब्ध गराउँदा स्वीकृत दरबन्दी भित्रको रिक्त पद तथा तहको लागि मात्र उपलब्ध गराउने । सहमतिको आधारमा समायोजन मिलान भई स्वीकृत दरबन्दीभन्दा बढी कर्मचारी हुन गएमा सम्बन्धित पालिकाहरुबाट नै जिम्मेवार हुनुपर्ने तथा दरबन्दी भन्दा बढी कर्मचारीको लागि थप तलब भत्ता वापतको रकम निकासा नहुने भनी उक्त मन्त्रालय (मा.मन्त्रीस्तर) को मिति २०७९।०४।३० गते निर्णय भएको भनी परिपत्र आएकोमा यस नगरपालिकाको दरवन्दीभन्दा बढी तपसिलका कर्मचारीहरुलाई यस भेरीगंगा नगरपालिकाको आन्तरिक श्रोत अत्यन्तै न्यून रहेकोले आर्थिक व्ययभार व्यहोर्ने गरी तलब भत्ता खुवाउन नसकिने भएकोले तपसिल बमोजिमका कर्मचारीहरुको लागि मन्त्रालयबाटै आवश्यक तलबभत्ता निकासीका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

तपसिल

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १ | मानसिं नेपाली | सि.अ.हे.ब. अधिकृत |

निर्णय प्रमाणित

| | | |
|---|---|---|
| २ | रेशमबहादुर डिसी | सि.अ.हे.ब. |
| ३ | विनिता शर्मा | हे.अ. |
| ४ | चन्द्रकला खड्का | अ.हे.ब. |
| ५ | बेदप्रसाद पौडेल | अ.हे.ब. |
| ६ | गणेश डाँगी | अ.हे.ब. |
| ७ | पदम बाह्रघरे | अ.हे.ब. |
| ८ | प्रतिमा सोनी | अ.हे.ब. |
| ९ | धनबहादुर खत्री | अ.हे.ब. |
| १० | सुस्मीता बसेल | अ.न.मी. |

**प्रस्ताव नं. ४ : बिबिध (रकम भुक्तानी सम्बन्धमा) ।**

निर्णय नं. ४ : यस भेरीगंगा नगरपालिका र कृषि क्षेत्र विकास कार्यक्रमबीच भएको सम्झौता बमोजिम भेरीगंगा वडा नं. ८ मैनतडा र वडा नं. ११ रामघाटमा सामुदायिक कृषि प्रसार सेवा केन्द्र स्थापना गर्नका लागि भएको सम्झौता बमोजिम यस नगरपालिकाले भुक्तानी गर्न बाँकी रहेको रकम मैनतडा सेवा केन्द्रलाई रु. ३ लाख १२ हजार र रामघाट सेवा केन्द्रलाई रु. ३ लाख ३ हजार ७ सय ५० रुपैयाँ यस नगरपालिकाको गत आ.व. को भुक्तानी दिन बाँकी शीर्षकबाट रकम भुक्तानी गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।